☎: ०७१-, ५६०२३०
फ्याक्स ०७१-५६२६५२

# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### मणीग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. ०७५/०७६
च.नं. ३५६१

सूचना! सूचना!! सूचना!!!

(प्रथम पटक प्रकाशन मितिः २०७५।१२।१९)

तिलोत्तमा नगरपालिकाको आ.ब. २०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रम तथा कार्यपालिका बैठक (मितिः २०७५/१२/०५) को निर्णयानुसार तपशील बमोजिमको सिंचाई कार्यक्रमको लागि ईच्छुक नगरबासी कृषक उद्यमी, कृषक समूह, कृषक सहकारी, टोल विकास संस्था, जल उपभोक्ता समिति, कृषि कम्पनी, कृषि फर्म, कृषक संजाल आदिबाट प्रथम पटक यो सूचना प्रकाशन भएको मितिले तीस दिन भित्र निर्धारित ढाँचाको फारम अनुसारको आवेदन प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**तपशीलः**

१. सिंचाई बोरिङ्ग अनुदान कार्यक्रम, संकेत नं. ३०२०(४), रु. ३० लाख बराबर ।
२. भैलुभुज लगायतका सिचाई बोरिङ मर्मत, संकेत नं ३०२०(८), रु. ५० लाख बराबर ।

जिवन आचार्य
बागवानी विकास अधिकृत

**आवश्यक कागजातहरुः**

१. रु. १० को टिकट टाँस गरिएको निर्धारित ढाँचामा आवेदन प्रस्ताव ।
२. मुख्य लाभग्राहीको नागरिकताको छायाँप्रति ।
३. सिंचाई हुने क्षेत्रको जग्गा धनी पुर्जा । लाभग्रहीको आफ्नो नाममा जग्गा नभएको हकमा लाभग्राही र जग्गा धनीको बीच कम्तिमा पाँच बर्षको जग्गा करारनामा गरिएको सम्झौता पत्र र साथमा जग्गा धनी प्रमाण पत्रको छाँया प्रति ।
४. समूहको हकमा दुई बिगाहा र व्यक्तिगत कृषकको हकमा पाँच कठ्ठा जमिनमा तीन बाली लगाउने प्रस्ताव पेश गर्नुपर्नेछ ।
५. कृषक समूह/ सहकारी/ सञ्जाल/ समिति/ संस्थाको हकमा दर्ता प्रमाण पत्र तथा संस्थागत रुपमा प्रस्तावको लागि गरिएको निर्णयको छायाँप्रति ।
६. बाहिरी जिल्लामा ठेगाना भई यस नगरपालिका क्षेत्रभित्र कार्य गर्न ईच्छुक कृषकको हकमा सम्बन्धित वडा कार्यालयको सहमति पत्र ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**सर्तहरुः**

क. नविनतम प्रबिधि प्रयोग हुने खालका प्रस्तावलाई प्राथमिकता दिईनेछ ।
ख. समूह तथा सहकारी मार्फत गरिने प्रस्तावलाई प्राथमिकता दिईनेछ ।
ग. बढी कृषकहरु लाभान्वित वा बढी रोजगारी श्रृजना हुने खालका आयोजनालाई प्राथमिकता दिईनेछ ।
घ. वातावरणीय रुपमा असर गर्ने खालका आयोजनालाई कार्यक्रममा समावेश गरिने छैन ।
ङ. सिचाईं योजनाको कूल लागतको न्युनतम २५ प्रतिशत लगानी सम्बन्धित लाभग्राहीले व्यहोर्नुपर्नेछ र बढी लागत साँझेदारी सहितको योजनालाई प्राथमिकता दिईनेछ ।
च. आयोजनाको लागत अनुमान अनिवार्य रुपमा पेश गर्नुपर्दछ ।

**नोटः**

- आवेदन फारम कार्यालयको वेव पेजबाट डाउनलोड गरी प्राप्त गर्न सकिन्छ ।
- आबेदन वडा कार्यालयहरु, कृषि सेवा केन्द्र, भलवारी वा कृषि शाखा तिलोत्तमा नगरपालिकामा दर्ता गर्न सकिनेछ ।
- थप जानकारीको लागि कृषि शाखा, तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, मणीग्राम, रुपन्देहीमा सम्पर्क गर्नुहुन ।

☎: ०७१-५६०२३०

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. संख्या:
च.नं. ३५६०

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

मितिः २०७५।१२।१९

विषयः तालिममा सहभागी सिफारिस गरिदिने बारे ।

श्री वडा कार्यालय,
(सवै)
तिलोत्तमा नगरपालिका, रुपन्देही ।

महोदय,

प्रस्तुत बिषयमा यस तिलोत्तमा नगरपालिका, नगरकार्यपालिका बैठकको निर्णयअनुसार उद्यमशीलता विकास तालिम संचालन गर्नुपर्ने भएकाले तपशील बमोजिमको फर्मेटमा ईच्छुक व्यक्तिको नाम एक हप्ता भित्र कार्यालयमा सिफारिस साथ पठाईदिनुहुन अनुरोध छ ।

जिवन आचार्य
आर्थिक विकास अधिकृत

तपशील

| क्र.सं | तालिमको नाम | ईच्छुक व्यक्तिको नामथर | ठेगाना/टोल | फोन नं | कार्य अनुभव/ योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | वडा कार्यालयले भरि एकमुष्ट पठाउने |
| २ | | | | | | |
| ३ | | | | | | |

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल, फोन नं. ०७१-५६०२३०, फ्याक्स ...............
इमेल: tilottamamun@gmail.com, वेभसाइट www.tilottamamun.gov.np

बार्षिक कार्यक्रम अनुसार संचालन गरिने उद्यमशीलता विकास तालिम (कृषि तर्फको)

| क्र.सं | तालिमको नाम | लाभान्वित संख्या | तालिम अवधि (दिनमा) | तालिम संख्या | वडा | लक्षित तालिम प्रकार |
|---|---|---|---|---|---|---|
| १ | मौरी पालन | ४० | ०७ | १ | १०,११,१२ | महिला स्वरोजगार तालिम |
| २ | बेमौसमी तरकारी खेती तालिम | ४० | १५ | १ | १७ वटै वडा | युवा स्वरोजगार तालिम तथा युवा साझेदारी कार्यक्रमः |
| ३ | कुखुरा पालन तालिम | ३० | १५ | १ | १७ वटै वडा | युवा स्वरोजगार तालिम तथा युवा साझेदारी कार्यक्रमः |
| ४ | माछा पालन | ३० | १५ | १ | वडा नं. १४, १३ १७, १६, ११, १२ | युवा स्वरोजगार तालिम तथा युवा साझेदारी कार्यक्रमः |
| ५ | खाद्यान्न बाली उत्पादन तथा बिबिधिकरण तालिम | ४० | १५ | १ | वडा नं. १५, १६, १२, १०, ०९ | युवा स्वरोजगार तालिम तथा युवा साझेदारी कार्यक्रमः |